प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय,

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७४/०७५ को लागि निम्न शिक्षण संस्थामा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा पूर्ण शूल्कीय/बर्गिकृत (निशुल्क) छात्रबृत्ति तर्फ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७४।०७।१४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट शैक्षिक सत्र २०७४/०७५ का लागि प्रमाणपत्र तह नर्सिङ कार्यक्रम संचालन गर्ने गरी सम्बन्धन/स्वीकृती पाएको तपसिलको शिक्षण संस्थामा परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७४।०४।०७ गते सम्बन्धित शिक्षण संस्थाको पुर्ण शुल्किय खुला कोटाका उत्तीर्ण सूचीका परीक्षार्थीहरु तथा अन्य शिक्षण संस्थाका पूर्ण शुल्किय (पुर्ण शुल्किय लक्षित बर्ग, प्रा.एस.एल.सी. र पुर्ण शुल्किय खुला कोटा) र २०७४।०४।१४ गते संचालित वर्गिकृत नि:शुल्क छात्रवृत्ति प्रवेश परीक्षाको उत्तीर्ण सूची (Pass List) मा रहेका परीक्षार्थीहरु मध्येबाट प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको योग्यताक्रमका आधारमा तपसिलमा तोकीए बमोजिमको कोटा संख्यामा तोकिए बमोजिम परीक्षार्थी छनौट गरी भर्ना गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले १० दिन (२०७४।०७।२३) कार्यालय समय भित्र सम्बन्धित इच्छुक परीक्षार्थीहरुले तपसिलमा उल्लेखित शिक्षण संस्था वा परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा प्रवेश पत्रको प्रतिलिपी र परिषद्को वेवसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | **शिक्षण संस्थाको नाम र ठेगाना** | शिक्षण संस्थाको सम्पर्क फोन नं. | शैक्षिक कार्यक्रम | वर्गिकृत छात्रवृत्ति कोटा | पुर्ण शुल्किय लक्षित बर्ग **कोटा** | पुर्ण शुल्कीय प्राएसएलसी कोटा | पुर्ण शुल्किय खुला कोटा |
|---|---|---|---|---|---|---|---|
| १. | श्री पिपुल्स मल्टिपल हेल्थ इन्स्टिच्यूट, इटहरी, सुनसरी । | ०२५-५८०००९ | प्रमाणपत्र तह नर्सिङ्ग | १ | २ | २ | १५ |
| २. | श्री च्छोरोल्पा जनरल अस्पताल, चरिकोट, दोलखा । | ०४९-४२१५२३ | प्रमाणपत्र तह नर्सिङ्ग | १ | २ | २ | १५ |

भर्ना प्रकृया सम्बन्धमा शिक्षण संस्थालाई निर्देशन:

१. सम्बन्धित शिक्षण संस्थाको उत्तीर्ण सूची र अन्य शिक्षण संस्थाको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्ये **पुर्ण शुल्किय लक्षित बर्ग कोटा र** पुर्ण शुल्किय खुला कोटा र प्रा.एस.एल.सी. कोटाको लागि पर्न आउने निवेदन छुट्टै दर्ता किताब खडा गरी दर्ता गर्नुपर्नेछ ।

२. यस कार्यक्रम अध्ययनका लागि दिइने निवेदन सम्बन्धीत शिक्षण संस्था र परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा समेत निवेदन दर्ता गराउन पाइनेछ ।

३. सम्बन्धित शिक्षण संस्थाले शिक्षण संस्था र परिषद् परीक्षा नियन्त्रण कार्यालयमा दर्ता हुन आएका परीक्षार्थीहरुको निवेदन संकलन गरी परीक्षा नियन्त्रण कार्यालयको प्रतिनिधिको रोहवरमा प्रत्येक कोटाको योग्यताक्रमको सूची तयार गरी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यबाट प्रमाणित गराई सोही योग्यताक्रमको आधारमा वर्गिकृत (नि:शुल्क) छात्रवृत्तीका लागि छुट्याइएका कोटा बाहेकका तोकिएका कोटाहरुका सिटमा भर्ना गर्नु पर्नेछ ।

४. प्रमाणपत्र तह नर्सिङ कार्यक्रम तर्फ अध्ययनका लागि सोही कार्यक्रमको प्रवेश परीक्षामा उत्तीर्ण सूची (Pass List) मा रहेका परीक्षार्थीहरु मात्र योग्य हुनेछन् ।

५. मिति २०७४।०७।२३ गते कार्यालय समय भित्र त्यस शिक्षण संस्था तथा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा दर्ता हुन आएका निवेदनहरु संकलन गरी प्रवेश परीक्षाको प्राप्तांक सहित मूख्य परीक्षार्थी र वैकल्पिक परीक्षार्थीको योग्यताक्रमको सूची तयार गरी मिति २०७४।०७।२६ गते भित्र अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ ।

६. भर्नाका लागि सिफारिस भएका परीक्षार्थीहरुलाई ७ दिनको म्याद दिई भर्ना हुन आउन राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ र तोकीएको म्याद भित्र भर्ना हुन आउने परीक्षार्थीलाई भर्ना गर्नुपर्नेछ । तोकिएको म्याद भित्र मूख्य परीक्षार्थी भर्ना हुन नआइ सीट रिक्त रहन आएमा सो रिक्त सीट संख्या समेत खोली बैकल्पिक सूचिमा रहेका परीक्षार्थीहरुबाट ७ दिन भित्र भर्ना हुन आउन राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी निवेदन आव्हान गर्नुपर्नेछ र दर्ता हुन आएका निवेदकहरु मध्येबाट योग्यकमको आधारमा रिक्त सिटहरुमा भर्ना गर्नुपर्नेछ ।

७. अन्य शिक्षण संस्थाको लागि निर्धारण गरिएको पुर्ण शुल्किय लक्षित बर्ग कोटा र प्रा.एस.एल.सी. कोटामा परीक्षार्थी नभइ सीट रिक्त हुन आएमा अन्य शिक्षण संस्थाको खुला कोटाका परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गर्नुपर्नेछ ।

८. *सम्बन्धित शिक्षण संस्थाको पूर्ण शुल्किय खुला कोटा* रिक्त रहन आएमा *अन्यको उत्तीर्ण सूचीका परीक्षार्थीका लागि निर्धारित कोटा*का बैकल्पिक परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गर्नुपर्नेछ ।

९. उल्लेख भए बमोजिम दर्ता भएका निवेदनहरुको दर्ता किताबको प्रमाणित प्रतिलिपी, योग्यताक्रम कायम गरेको योग्यताक्रमको प्रतिलिपी,भर्ना गरिएका परीक्षार्थीहरुको विवरण तथा तोकिएको विज्ञापन शुल्क बापतको रसिद मिति भर्ना समाप्त भएको १५ दिन भित्र परिषद् प.नि.का.मा पेश गर्नुपर्नेछ ।

१०. प्रमाणपत्र तह नर्सिङ कार्यक्रममा मूख्य परीक्षार्थीको रुपमा अन्य शिक्षण संस्थामा सिफारिश गरिएका परीक्षार्थीहरुलाई यस भर्ना कार्यक्रममा समावेश गराइने छैन । यदि त्यस्ता परीक्षार्थी भर्ना भएको पाइएमा भर्ना रद्द गरिनेछ ।

११. भर्ना भएका परीक्षार्थीहरुमध्ये प्रवेश परीक्षामा उत्कृष्ट अंक पाउने एक जना परीक्षार्थीलाई भर्ना सम्वन्धि निर्देशिका २०७४ बमोजिम जेहेन्दार छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

१२. यस सूचना बमोजिम निवेदन दर्ता गर्न आउने परीक्षार्थीहरुबाट निवेदन वापत कुनै पनि शुल्क लिन पाइने छैन ।

१३. माथि बर्गिकृत (नि:शुल्क) छात्रवृत्तीका लागि छुट्याइएको १ कोटामा परिषद् प.नि.का.बाट सिफारिश गरिएको परीक्षार्थी मात्र भर्ना गर्नुपर्नेछ ।

१४. बर्गिकृत (नि:शुल्क) छात्रवृत्तीका लागि छुट्याइएको कोटामा परिषद् प.नि.का.बाट सिफारिश गरीएको परीक्षार्थी मात्र भर्ना गर्नु पर्नेछ ।

१५. बर्गिकृत (नि:शुल्क) छात्रवृत्तीका लागि शैक्षिक शत्र २०७४/०७५ मा मिति २०७४।०४।१४ गते संचालित बर्गिकृत (निशुल्क) छात्रबृत्ति प्रवेश परीक्षाको नर्सिङ्ग कार्यकमको उत्तीर्ण सूचीमा लक्षित बर्गको रिक्त कोटामा बैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई सिफारिश गर्ने भन्ने प्रवेश परीक्षा संचालन, छात्रबृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०७४ बमोजिम छनौट गरी सिफारिश गर्नुपर्ने भएको हुंदा इच्छुक परीक्षार्थीहरुबाट निवेदन आव्हान गरिएको छ । बर्गिकृत (निशुल्क) छात्रबृत्तिको रिक्त लक्षित बर्ग र कोटा एवं निवेदन परिषद्को वेभसाइट www.ctevt.org.np मा राखिएको हुंदा सो भरी तोकिएको मिति भित्र पेश गर्नुहुन जानकारी गराइन्छ ।

निवेदन दर्ता गर्ने स्थानहरु :

क) पुर्ण शुल्किय तर्फ सम्वन्धित शिक्षण संस्था र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

ख) बर्गिकृत (निशुल्क)छात्रबृत्ति तर्फ परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर एवं परिषद्का क्षेत्रीय कार्यालयहरु

परीक्षा नियन्त्रक